फोन नं.०६५५६०२३३

"विविधतायुक्त शहर, समून्नत एवं सम्वृद्ध व्यास नगर"

# व्यास नगरपालिका कार्यालय

## दमौली, तनहूं ।

व्यास नगरपालका योजना सूपरिवेक्षण तथा अनूगमन समितिद्धारा
न.पा बोर्ड समक्ष प्रस्तूत वार्षिक प्रतिवेदन ।

## योजना तथा प्राविधिक शाखा

आ.व. ०६१/६२ को

श्रीमान् प्रमुख एवं कार्यकारी अधिकृत ज्यु

मिति २०७२।३।२५

व्यास नगरपालिका कार्यालय,दमौली तनहु ।

व्यास नगरपालिका कार्यालयद्धारा चा.लु आ.व २०७१/२०७२ मा संचालित विभिन्न योजनाहरुको समग्र अनुगमन गर्ने प्रयोजनका लागि स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को परिच्छेद -५ ले व्यवस्था गरे बमोजिम यस कार्यालयद्धारा गठित सुपरिवेक्षण तथा अनुगमन समिति ले गरेको स्थलगत अनुगमन र निरिक्षणका क्रममा देखिएका विविध पक्षहरु तथा नगरवासीहरुको छलफलको आधारमा यो प्रतिवेदन तयार गरी श्रीमान् समक्ष प्रस्तुत गरेको छु ।

सुपरिवेक्षण तथा अनुगमन समितिले आंफूले अनुगमनको क्रममा टिपोट गरेका विषयहरुलाई लिएर प्रतिवेदन तयार पार्न मलाई सुम्पेको जिम्मेवारी अनुरुप स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ ले निर्दिष्ट गरेको सुचकहरु समेतलाई आधार मानी आर्थिक वर्ष २०७१/०७२ मा नगरपरिषद बाट स्वीकृत भई संचालनमा रहेका विभिन्न योजनाहरुको सुपरिवेक्षण तथा अनुगमन समिति संग तथा छुट्टै स्थलगत रुपमा समेत अनुगमन र निरिक्षण गरी कार्यप्रगतीको अवस्था, योजना कार्यान्वियनमा देखिएका समस्याहरु, समस्याको समाधानका लागि गरिएका प्रयासहरु साथै भविष्यमा योजनाहरुको सफल कार्यान्वयनका लागि व्यास नगरपालिका कार्यालय तथा सम्बन्धित सरोकारवाला अन्य निकायहरुले गर्नुपर्ने सुधारहरु लगायतका विविध पक्षमा स्थानीय जनताहरु संग प्रत्यक्ष रुपमा संवाद गरी निस्किएका सुझावहरु यो प्रतिवेदनमा समेट्ने प्रयास गरिएको छ ।

प्रतिवेदन तयार पार्ने

भेषराज तिवारी

ना.सु, व्या.न.पा

# खण्ड-१

## परिचय

व्यास नगरपालिका कार्यालयद्धारा चा.लु आ.व २०७१/०७२ मा संचालित विभिन्न योजनाहरुको समग्र अनुगमन गर्ने प्रयोजनका लागि स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को परिच्छेद -५ ले व्यवस्था गरे बमोजिम यस कार्यालयद्धारा गठित तपशिलमा उललेखित सुपरिवेक्षण तथा अनुगमन समिति ले योजना सम्झौता देखि कार्यसम्पन्न हुने समयसम्म विभिन्न मितिमा गरेको स्थलगत अनुगमन,निरिक्षण तथा नगरवासीहरुको छलफलको आधारमा विभिन्न राय,सुझव, आवश्यक सुचना तथा तथ्याङ्क संकलन गरि यस समितिमा ती राय,सुझव, सुचना तथा तथ्याङ्कहरुको व्यापक रुपमा छलफल तथा समिक्षा गरी निष्किएको निचोडको अधारमा यो प्रतिवेदन तयार पारिएको छ ।

**<u>समितिका पदाधिकारीहरुको विवरण</u>**

संयोजकः-श्री हुमनाथ शर्मा ढकाल(प्रमुख एवं कार्यकारी अधिकृत,व्या.न.पा कार्यालय)

सदस्यः-श्री विश्वनाथ बास्तोला (ने.का प्रतिनिधि)

सदस्यः-श्री विरेन्द्र ब.अधिकारी (नेकपा एमाले प्रतिनिधि)

सदस्यः-श्री सावित्री रिजाल (रा.प्र.पा प्रतिनिधि)

सदस्यः-श्री हरिकला थापा (वडा ना.मञ्च प्रतिनिधि)

सदस्यः-श्री कृष्ण खनाल (वडा ना.मञ्च प्रतिनिधि)

सदस्यः-श्री खिर माया वि.क(ना.स.के प्रतिनिधि)

सदस्यः-श्री कार्यालय प्रमुख (जिल्ला पशु सेवा कार्यालय)

सदस्यः-श्री कृष्णराज आचार्य (अध्यक्ष,उ.वा.सं.द.ब.इ.)

सदस्य सचिव :-श्री रविन्द्र लाल मुल ईनिजनियर व्या.न.पा कार्यालय

समितिबाट गरिएको अनुगमनको शिलशिलामा नगरपालिकाबाट संचालन गरिएका विकास आयोजनाहरुको भौतिक प्रगती,वित्तिय समस्या,व्यस्थापकिय कमजोरी लगायतका विभिन्न समस्याहरुको बारेमा यथार्थ र विस्तृत रुपमा जानकारी लिने अवशर प्राप्त भयो ।योजना कार्यान्वयनको विविध पक्षको अध्ययन गरी कार्यान्वयनको चरणमा के कस्ता समस्याहरु आईपर्दा रहेछन,आगामी वर्षहरुमा न.पा बाट योजना छनौट तथा संचालन गर्दा कुन-कुन पक्षहरुमा ध्यान दिनु पर्ने रहेछ जस्ता कुराहरुमा नगर वासिहरु संग प्रत्यक्ष रुपमा छलफल गरि सुझाव संकलन गर्ने र जानकारी लिने अवसर प्राप्त भएको छ ।

## अनुगमनको लक्ष्य  र उद्देश्य

- आयोजना कार्यान्वयनमा सहजिकरण गर्ने तथा देखिएका बाधा,व्यवधान र समस्या समाधानका लागि आवश्यक निर्देशन दिने,

- कार्यतालिका बमोजिम आयोजना कार्यान्वयन भए-नभएको यकिन गरि नभएको पाईएमा सम्बन्धित पक्षलाई सचेत गराउने ,

- विभिन्न आयोजनाहरुको कार्यसंचालनको स्थिती, गुणस्तरको अवस्था तथा उपभोक्ताहरुको राय सुझाव समेतको आधारमा आयोजनाहरुको अनुगमनका क्रममा देखिएका समस्याहरुको  लेखाजोखा गरी आवश्यक सुझाव सहित प्रतिवेदन तयार पारि नगर प्रमुख समक्ष पेश गर्ने,

- विषयगत कार्यालय तथा अन्य सरकारी तथा गैरसरकारी संस्थाबाट नगरक्षेत्र भित्र संचालित आयोजना तथा कार्यक्रमहरु समेतको अनुगमन गरि प्रतिवेदन तयार पार्ने

-विकास निर्माण कार्यमा स्थानीय सहभागिता वृद्धि गर्नु ।

## अनुगमनको विधि

अनुगमन समिती लाई कार्यविधिले निर्देश गरे बमोजिम आयोजना स्थलमा सरोकारवाला समेतको सहभागितामा प्रत्यक्षरुपमा निरिक्षण गर्ने,सम्बद्ध निकाय तथा व्यक्तिहरु संग छलफल,अन्तरकृया गर्ने, कार्यालयको विभागिय ल.ई को अध्ययन तथा सो अनुसार फिल्डमा कार्य भए-नभएको ,संचालित आयोजना को औचित्य, आवश्यकता र महत्वको बारेमा समेत व्यापक रुपमा स्थानीय संग छलफल र परामर्श गरी सोही आधारमा आयोजनाहरुको विविध पक्षहरुको व्यापक व्याख्या र विश्लेषण गरिएको छ ।

## अनुगमनको क्षेत्र

यस समितिले अनुगमन गरेका व्यास नगरपालिका कार्यालयद्धारा चा.लु आ.व २०७१/०७२ मा विभिन्न वडाहरुमा संचालित समितिले अनुगमन गरेका तपशिल बमोजिमका योजनाहरु यस सुपरिवेक्षण तथा अनुगमन समितिको क्षेत्र अर्न्तगत समेटिएको थियो ।

योजनाहरुको विवरण

१) सडक कालोपत्रे-व्यास १

२) नाला निर्माण (स्ल्याव सहित) व्यास १

३ नाला निर्माण  व्यास ५

४ चितुवादी खानेपानि योजना व्यास १२

५ मत्स्य मार्गमा सतह ढल निर्माण व्यास १

६ अधुरो दरै समाजको भवन निर्माण व्यास ५

७ चण्डिका नि.मा.वि अधुरो भवन निर्माण व्यास ४

८ भोटे खोल्सी कल्भेट निर्माण व्यास ३

९ सामुदायिक सेवा केन्द्र भवन निर्माण व्यास १

१० बराह खोला खानेपानि योजना व्यास ३

११ फेदीफांट टोल अर्न्तगत खहरे खोला जाने बाटोको स्तर बृद्धि व्यास ४

१२ नारेश्वर खोलाबाट श्रीभञ्ज्याङ जोगिडांडा हुँदै दुम्सीचौर रिङरोड निर्माण व्यास ९

१३ भानु मा.वि गेट निर्माण व्यास ९

१४ कोकलडांडा रानीगांउ जाने मोटर बाटो विस्तार व्यास ३

१५ चिन्तुटारमा मन्दिर निर्माण व्यास ६

१६  रानीपानि सेरा छाब्दि कचवे निर्माण व्यास १४

१७ चिन्तुटार दरै समाजको अधुरो भवन निर्माण व्यास ६

१८ भातेडांडा बेलचौतारा खानेपानि योजना व्यास १३

१९ चिजामाया आमा समुह सामुदायिक भवन निर्माण व्यास १३

२० वडा कार्यालय भवन निर्माण व्यास २

२१  दरैगांउ खानेपानि धारा मर्मत व्यास ४

२२ जुगेपानि मोटर मार्ग मर्मत व्यास ४

२३ भञ्ज्याङ टोलमा खा.पा पाईप निर्माण व्यास ५

२४ शान्तिनगर महिला सामुदायिक भवन निर्माण व्यास १०

२५ रानीटारी टोलको अधुरो भवन निर्माण व्यास ६

२६ पराशर आश्रम परिशरमा ईनार निर्माण व्यास ७

२७ जनकल्याण प्रा.वि भवन निर्माण व्यास ३

२८ दरैपंधेरा देखी मुसेखोला सम्म पैदल बाटोमा स्ल्याव निर्माण व्यास ३

२९ डांडा गांउ सिंढी बाटो निर्माण व्यास ४

३० जनजागृती सिंढी बाटो निर्माण व्यास १३

३१ मलेबगर करडकाठ बसपार्क निर्माण व्यास १ र २

३२ शहरी सडकहरु(पिच) को आवधिक मर्मत व्यास २,१०,११

३३ बाराही रानीमार्ग धुले/ग्राभेल को आवधिक मर्मत व्यास ३

३४ पराशर क्षेत्र संरक्षण(वृद्धाश्रम भवन निर्माण समेत ) व्यास ७

३५ उदय उच्च मा.वि भवन निर्माण योजना व्यास ८

३६ आशाकुरी धाराखोल्सी खानेपानि योजना व्यास ७

३७ दरै पंधेरा खानेपानि योजना व्यास ३

३८ चण्डिदेवी उ.मा.वि भवन निर्माण तथा फर्निचर खरिद व्यास ५

३९ हस्तबहादुर दरैको घरदेखी नारेश्वर खोला सम्म नाली निर्माण व्यास ९

४० मदर्शा प्रा.वि झ्याल ढोका निर्माण व्यास ११

४१ माहिलिडांडा दलित वस्तिमा सिंढीबाटो निर्माण व्यास १

४२ रत्नटोल दलित बस्तिमा खा.पा योजना व्यास ५

४३ भिमसेनथान मन्दिर जाने बाटो निर्माण व्यास ७

४४ लुरकुरे खोल्सी खानेपानि मर्मत व्यास ५

४५ याम्दीचापाटार माहिखोला र सेरा माउसुली माईकोथान खानेपानि योजना व्यास ६

४६ आदिकवी भानुभक्त क्याम्पसमा प्रोजेक्टर खरिद र फर्निचर निर्माण व्यास १

४७ बुल्दिखोलामा तटबन्धन गरि पहिरो नियन्त्रण व्यास १

४८ भोर्लेटार चोकमा नाला निर्माण व्यास २

४९ दुम्सीचौर श्रीभञ्ज्याङ हुँदै कलेस्ती पुल व्यास मार्ग जोड्ने मोटर मार्ग निर्माण व्यास ९

५० देउरालीनगर सामुदायीक भवन निर्माण व्यास १०

५१ कागती तथा तरकारी खेती सम्बन्धि तालिम एवं निर्माण योजना व्यास ९

५२ च्याउ तथा तरकारी खेती सम्बन्धि तालिम तथा निर्माण योजना व्यास ७

५३ च्याउ तथा तरकारी खेती सम्बन्धि तालिम तथा निर्माण योजना व्यास ३

५४ नागरिक सचेतना केन्द्रको भवन निर्माण व्यास ६

५५ नागरिक सचेतना केन्द्रको भवन निर्माण व्यास ५

५६ कुमाल समाजको अधुरो भवन निर्माण व्यास ६

५७ याम्दी चापाटार टोल अर्न्तगत भालुखोला खानेपानि  योजना  व्यास ६

५८ बुद्धपार्क भु-क्षय नियन्त्रण व्यास १०

५९  स्वास्थ्य चौकीको लागि आवश्यक सामाग्री खरिद व्यास १४

६० वडा कार्यालय अधुरो भवन निर्माण व्यास ४

६१ दरैपंधेरा,कोकलडांडा सेवर ग्रामीण मार्ग निर्माण व्यास ३

६२ जलदेवी मन्दिर मर्मत र पुनः निर्माण व्यास ११

६३ कोलढुङ्गा खेलकुद मैदान निर्माण व्यास ४

६४ मादिनदीको पुलदेखी व्यासमार्ग जोड्ने मोटरबाटो बिस्तार व्यास ११ र ५

## समितिबाट गरिएको अनुगमनको औचित्य र सिमा

### औचित्य

जनताको करबाट संकलित रकम बाट नै देशको बिकास निर्माणका सम्पूण गतिविधिहरु संचालन हुन्छन साथै त्यस्ता बिकास आयोजनाहरुलाई दिगो र गुणस्तरीय बनाउन सम्बन्धित उपभोक्ताहरुको नै ठुलो योगदान हुने गर्दछ । कुनै पनि आयोजनाहरु सफल रुपमा संचालन गर्न नगरपालिका मात्रै एक्लैले गरेको प्रयास सफल नहुन पनि सक्छ । त्यसकारण नगरपालिका कार्यालयद्धारा संचालित आयोजनाहरुको समितिका पदाधिकरी,सर्वदलिय प्रतिनिधी तथा सरोकार वाला ब्यक्ति वा समुदायले संयूक्त रुपमा निरिक्षण र अनुगमन गरि देखिएका समस्याहरु साथै कार्यान्वयनका क्रममा देखिएका राम्रा पक्षहरुको बारेमा वृहत छलफल गरी नगरपालिका कार्यालयलाई मार्गदशनका रुपमा सुझाव प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

### सिमा

- नगरपालिका कार्यालयबाट संचालित विभिन्न विकास आयोजनाहरुको भौगोलिक अवस्था,समितिका पदाधिकारहिरुको भुमिका, कार्य संचालन तालिका,लागत तथा डिजाईन बमोजिमको कार्यको भौतिक तथा वित्तिय प्रगतिको स्थीति लगायतका विविध पक्षहरुलाई अनुगमनको सिमा अर्न्तगत राखिएको थियो ।

# खण्ड-२

## - अनुगमनका क्रममा देखिएका विविध पक्षहरु

-सुरुवाती समयमा समितिले गरेको अनुगमनको शिलशिलामा कतिपय आयोजाहरुको हकमा लागत ईष्टिमेट तयार नगरी बजेट विनियोजन भएको कारण साना-साना योजना पनि एक आ.व मा सम्पन्न गर्न नसकिने र एउटै सानो योजनामा हरेक वर्ष वजेट विनियोजन गर्नु पर्ने अवस्था देखियो । गत आर्थिक वर्षमा नै नगररिषद्बाट स्वीकृत भएका कतिपय योजनाहरु  चालु आर्थिक वर्षको दोस्रो चौमासिक पछि मात्र सम्झौता गर्न आउने प्रवृतिले आर्थिक वर्षको अन्त्यमा निर्माण कार्य सम्पन्न गर्न कठिन भएको अवस्था अनुगमनको क्रममा भेटीयो । एल.जि.सि.डि.पि मार्फत साना पुर्वाधार कार्यक्रम अर्न्तगत कार्यक्रमहरु आर्थिक वर्षको अन्त्यमा मात्र स्वीकृत भई अख्तियारी समेत ढिला गरी प्राप्त हुन आएकोले नागरिक सचेतना केन्द्र मार्फत संचालित ति योजनाहरु सम्पन्न गर्न समयको अभाव देखियो भने कतिपय योजनाहरु स्थानीय विवादका कारण सुरु गर्न नै नसकेको अवस्था समेत देखियो । उपभोक्ता समिति मार्फत संचालन भएका खण्ड -१ मा उल्लेखित अन्य आयोजनाहरुको निरिक्षण गर्न गठित अनुगमन समितिका पदाधिकारीहरु अपेक्षाकृत रुपमा निस्क्रिय रहेको साथै निर्माण समितिमा पनि अध्यक्ष,सचिव र कोषाध्यक्ष वाहेक अन्य सदस्यहरु प्रकृया पुरा गर्न मात्र समितिमा बसेको तर योजनाको लागत ईष्टिमेट र बजेटको सिमा सम्बन्धमा चांसो नराखेको देखियो । सडक बोर्ड नेपालबाट प्राप्त अनुदान तथा न.पा कार्यालयको समपुरक कोष मार्फत संचालित बाराही रानीमार्ग रिग्राभेलिङको कार्य  तथा शहरी सडकहरुको आवधिक मर्मत योजना ठेकेदारले समयमा नै गुणस्तरीय रुपमा सम्पन्न गरेको पाईयो । जगेडा कोष कार्यक्रम मार्फत व्यास नगरपालिका वडा नं  १ र २ मा निर्माणधिन रहेको वसपार्क निर्माण योजनाले यस वर्ष एउटा राम्रो स्वरुप प्राप्त गरेको छ ,अव उक्त वसपार्क केही सुधारात्मक कार्यहरु मात्रै गरे पनि रात्रिकालिन समय र दिवा समयमा होल्ड हुने  गाडीहरुलाई पार्क गर्न सकिने अवस्थामा पुगेको छ । त्यसै गरी जगेडा कोष कार्यक्रम मार्फत नै संचालित अन्य नालि निर्माण तथा पिचका  निर्माणका योजनाहरु  सफल रुपमा सम्पन्न भएको अनुगमनका क्रममा देखियो । व्यास ९ मा नगरपालिका कार्यालयको रु ५,००,०००।०० र उपभोक्ता समितिको रु १,२०,०००।०० लागत सहभागितामा संचालित नारेश्वर खोलाबाट श्रीभञ्ज्याङ जोगिडांडा हुंदै दुम्सीचौर रिङरोड निर्माण योजना सबै भन्दा उत्कृष्ट योजनाका रुपमा यस अनुगमन समितिले मुल्याङकन गरेको छ । त्यसै गरी यस नगरपालिकामा गाभिएका नंया वडाहरुमा संचालित कतिपय योजनाहरु  उपभोक्ताहरुको सक्रिय सहभागितामा सफल रुपमा सम्पन्न भएको पाईयो । समग्रमा यस समितिले अनुगमन गरेका योजनाहरु गुणस्तरीय रुपमा सम्पन्न भएको र सरोकारवाला उपभोक्ताहरु योजनाबाट सन्तुष्टि भएको पाईयो ।

## अनुगमनका क्रममा योजना संचालनमा देखिएका समस्याहरु

- जिल्ला दर रेट ले निर्धारण गरेको ज्यामी,मिस्त्रीको ज्याला भन्दा अभ्यासमा वास्तवीक ज्यालामा बढी हुंदा लागत अनुमान बमोजिम काम गर्न कठिन देखिएको ।

- भुकम्पको कारण निर्माण योजना सम्झौतामा उल्लेखित समयमा नै सम्पन्न नसकिएको

- जग्गा विवाद, खानेपानीको हकमा मुलको विवाद जस्ता समस्या

- ग्रामिण क्षेत्रमा युवा दक्ष जनशक्ति नरहेको ले महिला र बुढाबुढीहरु निर्माण समितिमा रहने हुंदा काम गर्न समस्या

- लागत ईष्टिमेट अंग्रेजिमा हुंदा बुझ्न कठिनाई भएको र ईष्टिमेट भन्दा बाहिरको हुने गरेको जस्ता समस्याहरु

–साना फुटकर योजनाहरुमा नै विकास निर्माण प्रकृया अल्झिरहेको कारण दिगो विकास हांसिल गर्न समस्या ।

-विकासमा जनश्रम गर्ने परम्परामा ह्रास आएको देखियो ।

-सबै आयोजनाको नक्शा डिजाईन तयार नहुंदा निर्माण कार्यमा कठिनाई ।

## अनुगमनका क्रममा उपभोक्ताहरु बाट आएका सुझावहरु

- ठेक्कापट्टा बाट संचालन हुने योजनाको हकमा स्थानीय संग ठेक्का हुनु भन्दा पहिले र ठेक्का स्वीकृत भएपछि परामर्श र छलफल गर्नु पर्ने,

- ठेक्कापट्टा बाट संचालन हुने योजनाको लागि स्थानीय व्यक्तिहरु सदस्य रहने गरि अनिवार्य रुपमा अनुगमनसमिति गठन गर्नु पर्ने ,

- लागत ईष्टिमेट अंग्रेजिमा हुंदा ग्रामिण जनताहरुले बुझ्न कठिनाई भएकोले नेपालीमा गर्दा राम्रो हुने ,

- योजना स्वीकृत भएपछि समितिका सदस्यहरुलाई अनिवार्य रुपमा आयोजना संचालन तथा व्यवस्थापन सम्बन्धमा तालिम प्रदान गर्नुपर्ने,

- कार्यक्रम स्वीकृत गर्नुभन्दा पहिले लागत अनुमान तयार पारि लागत अनुमानको आधारमा बजेट विनियोजन गर्नुपर्ने

- समयमा नै गुणस्तरीय रुपमा कार्य सम्पन्न गर्ने निर्माण व्यवसायी तथा समितिलाई नगरपालिकाले प्रोत्साहन स्वरुप पुरस्कृत गर्नुपर्ने

## खण्ड-३

# निष्कर्ष र सुझावहरु

## निष्कर्ष

समष्टिगत रुपमा हेर्दा नगरपालिका कार्यालयद्धारा संचालित आयोजनाहरुको कार्यसंचालनको स्थीति सन्तोषजनक देखिन्छ । समितिबाट आयोजना संचालन गर्दा पहिले समितिका पदाधिकारीहरुलाई नगरपालिकाको तर्फबाट आयोजना संचालन तथा व्यवस्थापन सम्बन्धि तालिम प्रदान गरेर मात्र कार्य अगाडी बढाउने तथा बढीभन्दा बढी लागत सहभागिता हुने आयोजनाहरुलाई नगरपालिकाले प्राथमिकता दिन सकेमा नगरपालिका क्षेत्रको विकासमा अझ टेवा पुग्ने देखिन्छ ।

## सुझावहरु

- उपभोक्ता समिति वा ठेक्काबाट संचालित योजनाहरुको लागत स्टीमेट, आयोजना संचालन मिति लगायतका विषयहरुलाई समेटी सुचना पार्टी निर्माण स्थलमा अनिवार्य राख्नु पर्ने,

- उपभोक्ताहरुलाई निर्माण अवधिका समयमा कुनै प्राविधिक कठिनाई आईपरि खवर भएमा सम्बनिधत प्राविधिकले सहजिकरण समयमा नै गर्नु पर्ने,

- कतिपय उपभोक्तालाई परिषद्बाट छनौट भएका योजनाको कार्यान्वयन तालिका बारे पुर्ण रुपमा जानकारी नहुने हुंदा समयमा नै पत्राचार गरि जानकारी गराउनु पर्ने,

- नगरपालिकाले योजना तथा बजेट विनियोजन गर्दा उक्त योजनको बारेमा सरोकार वाला बिच छलफल गरी बिवाद रहित ढंगबाट योजना संचालन हुने एकिन भएपछि मात्र योजना छनौट गर्ने,

- योजनालाई बजेट बिनियोजन गर्दा उपभोक्ताहरुको लागत यकिन गरी बांकी रकम मात्र नगरपालिका बाट उपलब्ध गराउने,

-यसरी योजनाको लागत स्टिमेट तयार गर्दा उपभोक्ता समिति र नगरपालिकाको रकमलाई जोड गरी सोही अनुसार लागत तयार गर्ने,

- कतिपय योजनालाई अन्य निकाय बाट समेत बजेट विनियोजन हुने हुँदा अन्तर निकाय समन्वय गरी योजनाको लागत र डिजाईन तयार गर्ने,।

- प्राविधिकहरुले कम्तिमा पनि योजनाको किस्ता मागको आधारमा स्थलगत निरिक्षण गरि नियमिति रुपमा कार्यप्रगति प्रतिवेदन दिनु पर्ने ।

-कुनै पनि योजनाको लागि बजेट विनियोजन गर्नु भन्दा पहिले लागत अनुमान तयार गरी सम्पन्न गर्न सकिने योजनाहरुमा मात्र बजे बिनियोजन गनुपर्ने ।

-उपभोक्ता समिति मार्फत संचालित आयोजनाहरुमा आयकर र भ्याट छलि हुने सम्भावना रहने हुंदा सो प्रति न.पा सचेत रहनु पर्ने ।

## खण्ड ४

योजनाहरुको अनुगमन गर्न जाँदा खिचिएका केही फोटोहरु तथा अनुगमन समितिको बैठक पुस्तीकाको फोटोकपीहरु

**क्रमश.......**

आज मिति २०७२ साल पौष महिना ३ गते शनिवारका दिन व्यास नगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृत श्री हुमनाथ शर्मा ढकाल ज्यूको अध्यक्षतामा बसेको योजना सुपरिवेक्षण तथा अनुगमन समितिको बैठकमा निम्न बमोजिमको उपस्थितिमा तपसिल बमोजिमका निर्णय हरु गरियो।

उपस्थिति

प्रमुख एवं कार्यकारी अधिकृत :- श्री हुमनाथ शर्मा ढकाल

प्रतिनिधी नेपाली कांग्रेस :- श्री विश्व नाथ बाह्लाले

" नेकपा एमाले :- श्री निरेन्द्र बहादुर अधिकारी

" एनेकपा माओवादी :- श्री गिता शाही

" नेकपा-माओवादी :- श्री रामहरि बन्चाई

" रा.प्र.पा नेपाल :- श्री इस्माइल मिया

" राप्रपा :- श्री सावित्री रिजाल

" राष्ट्रिय जनमोर्चा :- श्री श्रीकुमार ओंटार

राष्ट्रिय जनमुक्ति पार्टी :- श्री बहादुर सिं थापा मगर

अन्य उपस्थिति

वरिष्ठ ओ.ले.प. अधिकृत :- श्री कुमार कुंवर छि.बि

लेखा अधिकृत :- श्री प्रेमनाथ आचार्य

ई. ना. श्री पुष्पराज आचार्य

सि.सा.ई. श्री भोजराज तिवारी

निर्णय नं. १

व्यास नगरपालिकाका वडा नं. १२, १३ र १४ का सम्पूर्ण योजनाहरूको स्थलगत अनुगमन निरीक्षण गरी कार्य प्रगति विवरणबारे जानकारी लिने तथा गाउँ विकास समितिबाट नगरपालिकामा गाभिएका क्षेत्रहरूको अनुगमनबारे जानकारी हासिल गर्ने निर्णय गरियो।

आज मिति २०६२ साल वैशाख महिनाको ७ गते व्यास नगरपालिका सर्वदलीय संयन्त्र सहितको बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री कुमनाथ शर्मा ढकाल ज्यूको संयोजकत्वमा बस्यो। आजको यस बैठकको उपस्थिति र निर्णय तपसिल बमोजिम रहेको छ।

प्रमुख एवं कार्यकारी अधिकृत : श्री कुमनाथ शर्मा ढकाल
सर्वदलीय संयन्त्र प्रतिनिधि ने.कां : श्री विश्व पाख्रोला
" " एमाले : श्री विरेन्द्र बहादुर अधिकारी
" " ने.का. प्रजातान्त्रिक : श्री राजेन्द्र केशरी [illegible]
" " नेकपा-माओवादी : श्री रामहरी बजगाँई
" " रा.प्र.पा नेपाल : श्री इस्माईल मियाँ
" " रा.प्र.पा : श्री सावित्री रिजाल
योजना शाखा प्रमुख इन्जिनियर : श्री रविन्द्रलाल [illegible]
स.इ. : श्री श्रीकृष्ण बगाले
" : श्री दिनेश गौतम
ना.सु. : श्री भोजराज तिवारी
खरिदार : श्री विनोद [illegible]

प्रस्ताव नं. १

व्यास नगरपालिका कार्यालयद्वारा चालु आ.व २०६१/०६२ मा वडा नं. १, ३, ६, ५ र ११ मा सञ्चालित तपसिल बमोजिमका योजनाहरुको अनुगमन र निरीक्षण गर्ने प्रस्ताव सहमतिबाट पारित गरियो।

योजनाको विवरण

वडा नं. १ अन्तर्गतका योजनाहरु
: मत्स्य मार्गमा सतह ढल निर्माण
: हाईस्कूलबाटको सतह ढल निर्माण
: जनचेतना टोलमा कालोपत्रे सडक निर्माण
: दर्जी समाजको भवन निर्माण
: जनचेतना टोलमा सामुदायिक भवन निर्माण

वडा नं. ३ अन्तर्गतका योजनाहरु
: भोटे खोले चोक कल्भर्ट निर्माण

वडा नं. ५ अन्तर्गतका योजनाहरु
: [illegible]

: सतह पुल निर्माण, बैरेनी येल

वडा: ६ अन्तर्गतका योजनाहरु

! भानु मा.वि. गेट निर्माण

तारेश्वर बेलेबास मोअस्याङ्गाउँ हुँदै डुम्डीचौर रिङरोड निर्माण

: डुम्डीचौर बाट कलेश्ती वडा मार्गको अन्तमा जोड्ने मोटर बाटो निर्माण

वडा-११: अन्तर्गत आदिको पुलहरेको वडा मार्ग जोड्ने बाटो निर्माण